कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१

च.नं.:

मितिः २०८०/१२/२८

नेपाल सम्वत् ११४४ चौलाथ्व, २ बुधबार

## भुक्तानी प्रभावित हुने जानकारी सम्बन्धमा ।

कोहलपुर नगरपालिकाको तेह्रौं नगरसभाबाट पारित गरिएको चालु आ.व. २०८०/०८१ को बजेट तर्जुमा गर्दाका बखत अनुमान गरिएको सङ्घीय सरकारतर्फ समानीकरण अनुदानस्वरुप प्राप्त हुनुपर्ने रकम रु १८ करोड २६ लाख मध्ये महालेखा नियन्त्रकको कार्यालयको च.नं १०६ मिति २०८०/१०/२६ गतेको पत्रानुसार १९.२७ प्रतिशत अर्थात ३ करोड ५१ लाख ८२ हजार कटौती भैसकेको र २०८० चैत्र मसान्तसम्मको राजश्व संकलनको आधारमा चौथो किस्ताको रकम निर्धारण हुने उल्लेख भएकोले स्वीकृत भएको अनुदान थप कटौती हुन सक्ने सम्भावना अत्यन्तै बढी छ ।

राजश्व बांडफांट तर्फ घरजग्गा रजिष्ट्रेशन दस्तुरतर्फ रु १५ करोड ६० लाख अनुमान गरिएकोमा हालसम्म ३ करोड ९८ लाख अर्थात २५.५७ प्रतिशत र सङ्घीय राजश्व बांडफांटतर्फबाट १४ करोड ७२ लाख प्राप्त हुनुपर्नेमा हालसम्म ३३.७९ प्रतिशत अर्थात ४ करोड ९७ लाख मात्र प्राप्त भएको अवस्था छ । त्यसैगरी आन्तरिक स्रोत तर्फ १४ करोड २८ लाख अनुमान गरिएकोमा हालसम्म ३५ प्रतिशत मात्र प्राप्त भएको कारण कोहलपुर नगरपालिका अन्तर्गत विभिन्न स्रोतहरुबाट चालु आ.व. मा कार्यान्वयन गर्ने गरी छनौट गरिएका योजना तथा कार्यक्रमहरुको भुक्तानी यथासमयमा हुन नसकी पूर्ण रुपमा प्रभावित हुने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तोकिए बमोजिमको काम सम्पन्न गरी नियमानुसार भुक्तानीका लागि पेश भएका योजना तथा कार्यक्रमको भुक्तानी आगामी आ.व. २०८१/०८२ को दायित्वमा सारी भुक्तानी गरिने व्यहोरा समेत अनुरोध छ । यसबाट सेवाग्राही, उपभोक्ता, व्यवसायी एवं नागरिकहरुमा पर्न गएको असुविधा प्रति क्षमाप्रार्थी छौं ।

..............................

धोलकराज ढकाल

प्रमुख प्रशासकीय अधिकृत

धोलकराज ढकाल

प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, admin@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun